प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल
(प्रशासन शाखा)

visit Nepal 2020 Lifetime Experiences

फोन नं ०६१-४६७७०८/४६७९४४/-४६७८८५
इमेल : molmac@gandaki.gov.np
website:www.molmac.gandaki.gov.np

पत्र सं. २०७६/७७
च.नं. ८४८

मिति २०७६/०९/२१

विषयः नेपाल भ्रमण बर्ष २०२० प्रवर्द्धन गर्ने सम्बन्धमा ।

श्री अन्तर्गतका कार्यालय सबै ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय गण्डकी प्रदेशको च.नं ८२५ मिति २०७६/०९/१७ गतेको पत्रमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको च.नं प्रा.स./४२१/३७२६ मिति २०७६/०९/०९ को पत्रमा नेपाल भ्रमण बर्ष २०२० को प्रवर्द्धन सम्बन्धी विषयको पत्रको छायाँप्रति पत्र प्रेषित गरी नेपाल भ्रमण बर्ष २०२० को प्रवर्द्धन गर्ने सम्बन्धमा पत्र प्राप्त भएको हुँदा उक्त निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । सो को कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

०७६।९।२१

चोलाकान्त वाग्ले
(शाखा अधिकृत/अधिकृत सातौं)

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

०।८

# नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(... समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २०७६/७७
च.नं. :- प्रा.स./४२१/ 3626

मितिः- २०७६।०९।०९

**विषयः- नेपाल भ्रमण वर्ष, २०२० को प्रवर्द्धन सम्बन्धमा ।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. १, विराटनगर, प्रदेश नं. २, जनकपुर, प्रदेश नं. ३, हेटौंडा, गण्डकी प्रदेश, पोखरा,
प्रदेश नं. ५, बुटवल, कर्णाली प्रदेश, सुर्खेत र सुदूरपश्चिम प्रदेश, धनगढी ।

नेपाल भ्रमण वर्ष, २०२० को प्रवर्द्धनका लागि सरकारी एवं सार्वजनिक निकायले गर्नुपर्ने कार्य जिम्मेवारी सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट देहाय बमोजिम निर्णय भएको हुँदा सोही बमोजिम हुन पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

देहायः

क. नेपाल सरकारका मन्त्रालय एवं विभाग, सार्वजनिक संस्थान लगायतका सबै सार्वजनिक निकायबाट नेपाल भ्रमण वर्ष, २०२० लाई राष्ट्रिय अभियानको रुपमा अपनत्व लिने तथा यस्ता निकायहरुका वेवसाइट लगायतका अन्य आधिकारिक सामाजिक सञ्जालहरुमा नेपाल भ्रमण वर्षको लोगो राख्ने तथा नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयको वेवसाइट लिंक गर्ने, पत्राचारमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको लोगो राख्ने र प्रकाशित हुने बुलेटिन लगायतका प्रकाशनमा नेपाल भ्रमण वर्ष सम्बन्धी लेख रचना र प्रचार सामाग्री समेत समावेश गर्ने गराउने।

ख. नेपाल सरकारका मन्त्रालयहरू तथा सबै सार्वजनिक निकायबाट विदेशमा गरिने भ्रमण तथा प्रतिनिधित्व हुँदा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष, २०२० को जानकारी दिने, वक्तव्य दिनुपर्दा यसको उल्लेख गरी नेपाल भ्रमण गर्न अनुरोध गर्ने।

ग. नेपालमा हुने अन्तर्राष्ट्रिस्तरका कार्यक्रममा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको प्रवर्द्धन डेस्क राखी प्रचार समाग्री एवं उपहार दिने व्यवस्था नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसँग समन्वय गरी गर्ने गराउने।

घ. नेपालमा पर्यटकको आवागमन बढी हुने प्रमुख पर्यटकीय गन्तव्य लगायत राष्ट्रिय राजमार्गका सडक तत्काल मर्मत गर्ने व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने।

ङ. सरकारी एवं सार्वजनिक निकायका सवारी साधानमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष, २०२० को लोगो टाँस्ने व्यवस्था नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसँग समन्वय गरी गर्ने गराउने।

च. नेपालभित्र इन्टरनेट सेवा प्रदायक विभिन्न संस्थाहरुले इन्टरनेट सेवा खुल्दा नेपाल भ्रमण वर्षको लोगो सर्वप्रथम आउने व्यवस्था सूचना तथा संचार प्रविधि मन्त्रालयमार्फत मिलाउने।

छ. नेपालमा संचालित संचार माध्यमहरु रेडियो, टेलिभिजन र पत्रपत्रिकाबाट नेपाल भ्रमण वर्ष, २०२० को प्रचार सामाग्रीहरु कल्याणकारी कोषबाट उपलब्ध हुने सुविधा अनुरुप प्रकाशन तथा प्रशारण हुने व्यवस्था सूचना तथा संचार प्रविधि मन्त्रालयले मिलाउने।

(केशवराज आचार्य)
सहसचिव

बोधार्थ :-
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
पूर्वाधार विकास महाशाखा।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np